# सहयोगीनगर टोल सुधार समिति

# का.म.पा.-३२ सहयोगीनगर, कोटेश्वर, काठमाण्डौं

## <u>कार्य प्रगति विवरण</u>

### समितिको ५औं बार्षिक साधारण सभामा प्रस्तुत भई सभाबाट अनुमोदन भएको

आ.व. २०७५/७६ को बार्षिक कार्य प्रगति विवरण :

१. यस बर्ष ४८ हप्तासम्म नियमित टोल सरसफाई अभियान संन्चालन गरिएको ।

२. सम्पर्क मार्गको नवदुर्गा भगवती मन्दिर देखि मिनभवन जाने पुल (जनता सडक) सम्मको करिब ५०० मिटरको हाईटेन्शनललाईन (बिजुलीको नाङगो तार) लाई अन्डरग्राउण्ड(जमिनमुनी लुकाउन) पहल गरेको तथा प्राधिकरणसँग समन्वय गरी उक्त काम सम्पन्न गर्न सहयोग गरेको ।

३. सम्पर्क मार्गको २० फिटे सडक(बाटो) लाई टोलबासहिरुको बृहत भेला गराई २६ फिट कायम गरिएको तथा उक्त सडक बालोपत्रे गर्न गराउन समन्वयकारी भुमिका निर्वाह गरेको ।

४. नेपाल प्रहरी,महानगरपालिकार वडा कार्यालयसँग जनताको अन्तरक्रिया आयोजना गरिएको ।

५. समितिको कार्यक्षेत्रभित्र पर्ने सबै सार्वजनिक जग्गाहरु नापी र मालपोत कार्यालयको सहयोगमा पहिचान तथा एकिन गरी त्यसको संरक्षणको लागि का.म.पा. ३२ लाई लिखित अनुरोध गरेको ।

६. समितिको कार्यक्षेत्रभित्रका सडकहरुमा समितिको खर्चमा सडकलाईट जडान गरिएको ।

७. दीपावलीको अवसरमा बृहत देउसीभैलो कार्यक्रम आयोजना गरिएको ।

८. समय समयमा घरधनी र डेरावाल बीच देखिएका विवाद निरुपणमा समन्वयकारी भूमिका खेलेको ।

९. टोलमा शान्ति सुव्यवस्था र अमनचयन कायमराख्न नेपाल प्रहरीर सामुदायिक प्रहरीसँग हातेमाले गरी काम गरेको ।

१०. नयाँ बर्षको अवसरमा शुभकामना तथा चियापान कार्यक्रमको आयोजना गरिएको ।

११. का.म.पा. ३२ वडा भित्रको विभिन्न समिति, सामाजिक संघसंस्था, निजी तथा सरकारी विद्यालय तथा सुरक्षा निकायले आयोजना गरेको कार्यक्रमहरुमा  सक्रिय सहभागिता जनाएको ।

१२. समय समयमा टोलको खानेपानी, ढलनिकाश र वातावरणीय सरसफाई जस्ता जनतासगँ प्रत्यक्ष सरोकार राख्ने क्षेत्रमा देखिएका समस्याहरुको निराकरण गरिएको ।

१३. सडकपेटीमा पसल गर्ने, अव्यवस्थित पाकिङ गर्ने कार्यलाई ट्राफिक प्रहरी र नेपाल प्रहरीसँग समन्वय र सहकार्य गरी निरुत्साहित गरिएको ।